आकाशवाणी

June 17th, 2025 Tuesday

प्रमुख समाचार:

- प्रधानमन्त्री नरेन्द्र मोदीले क्यानडामा G-7 शिखर सम्मेलनमा भाग लिनु हुने
- G-7 देशका नेताहरूले पश्चिम एसियामा शान्ति र स्थायित्वप्रति प्रतिबद्धता दोहोऱ्याए
- इजरायल र इरान बीच बढ्दो तनावलाई ध्यानमा राख्दै भारतीय दूतावासले तेहरानबाट विद्यार्थीहरूलाई बाहिर निकाल्ने क्रम जारी
- रेलमन्त्री अश्विनी वैष्णवद्वारा हरियाणाको मानेसरमा देशको सबैभन्दा ठूलो गतिशक्ति मल्टी मोडेल कार्गो टर्मिनलको उद्घाटन
- अनि पुरुष र महिलाका लागि हक्की इन्डिया मास्टर्स कप भोलिदेखि चेन्नईमा सुरु हुँदै

अब समाचार विस्तारमा

PM - Canada

प्रधानमन्त्री नरेन्द्र मोदीले आज राति क्यानडाको कनानास्किसमा हुने G-7 शिखर सम्मेलनमा भाग लिनुहुनेछ। श्री मोदी दुई दिने क्यानडा भ्रमणमा बिहान क्यालगरी आइपुग्नुभएको हो। प्रधानमन्त्रीले ऊर्जा सुरक्षा, प्रविधि, पूर्वाधार र लगानीसँग सम्बन्धित छलफलमा भाग लिनुहुनेछ। प्रधानमन्त्री मोदी लगातार छैटौं पटक G-7 शिखर सम्मेलनमा भाग लिइरहनुभएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री मोदीले शिखर सम्मेलनमा विभिन्न नेताहरूलाई भेट्ने र महत्त्वपूर्ण विश्वव्यापी मुद्दाहरूमा आफ्ना विचारहरू साझा गर्ने बताउनुभयो। प्रधानमन्त्रीले शिखर सम्मेलनको क्रममा अविकसित र विकासशील देशहरूको प्राथमिकतामा पनि जोड दिने बताउनुभयो। हाम्रा संवाददाताका अनुसार श्री मोदीले क्यानडाका प्रधानमन्त्री मार्क कार्नी लगायत अन्य नेताहरूसँग धेरै द्विपक्षीय बैठकहरू गर्नुहुनेछ।

G-7 Iran/Israel War

इजरायल र इरानबीच बढ्दो तनावलाई ध्यानमा राख्दै जी-७ देशका नेताहरूले संयुक्त विज्ञप्ति जारी गरेका छन्। G7 का नेताहरूले पश्चिम एसियामा शान्ति र स्थिरताप्रति आफ्नो प्रतिबद्धता दोहोऱ्याएका छन्। उनीहरूले इजरायलको आत्मरक्षाको अधिकारलाई समर्थन गरेका छन्। साथै, इरानलाई यस क्षेत्रमा अस्थिरता र आतंकको मुख्य स्रोतको रूपमा वर्णन गरिएको छ। नेताहरूले गाजामा युद्धविराम ल्याउने प्रयासहरू सहित इरान संकट समाधान गर्नाले पश्चिम एसियामा व्यापक शत्रुता कम गर्न मद्दत गर्ने आशा व्यक्त गरेका छन्।

MEA – Indian Students - Iran

इरानको राजधानी तेहरानमा रहेको भारतीय दूतावासले सुरक्षा कारणले गर्दा भारतीय विद्यार्थीहरूलाई शहरबाट बाहिर पठाएको छ। विदेश मन्त्रालयले भनेको छ, परिस्थितिलाई ध्यानमा राख्दै भारतीय नागरिकहरूलाई पनि शहर छोड्न भनिएको छ। केही भारतीयहरूलाई आर्मेनियाको सीमाबाट इरान बाहिर निस्कन सुविधा प्रदान गरिएको छ। दूतावास भारतीय समुदायसँग निरन्तर सम्पर्कमा छ। यसैबीच परिस्थितिको निगरानी गर्न र भारतीय नागरिकहरूलाई सहयोग गर्न विदेश मन्त्रालयले २४ घण्टा चल्ने नियन्त्रण कक्ष स्थापना गरेको छ। यसका लागि धेरै हेल्पलाइन नम्बरहरू जारी गरिएको छ।

VP – Viksit Bharat

उपराष्ट्रपति जगदीप धनखरले विकसित भारत केवल सपना मात्र नभएर एक निश्चित गन्तव्य भएको बताउनुभएको छ, जुन बलियो ज्ञान अर्थतन्त्रद्वारा संचालित छ। पोन्डिचेरी विश्वविद्यालयका विद्यार्थी, संकाय र कर्मचारीहरूसँग अन्तरक्रिया गर्दै उहाँले देशलाई विकसित भारततर्फ लैजान युवा र विद्यार्थीहरूले प्रमुख हितधारकको रूपमा महत्त्वपूर्ण खेल्ने बताउनुभयो।

Ashwini - Haryana

रेलवे मन्त्री अश्विनी वैष्णवले आज हरियाणाको मानेसरमा देशको सबैभन्दा ठूलो गतिशक्ति बहु-मोडल कार्गो टर्मिनलको उद्घाटन गर्नुभयो। यस अवसरमा, श्री वैष्णवले अब कुल एक सय आठ बहु-मोडल कार्गो टर्मिनलहरू तयार पारिएको बताउनुभयो जसमार्फत सेवाहरू चाँडै सुरु हुनेछन् र बहु-मोडल नेटवर्क सिर्जना गर्ने सरकारको सपना पनि साकार हुनेछ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ.

Yoga Day

अन्तर्राष्ट्रिय योग दिवसको सन्दर्भमा, आज नयाँ दिल्लीस्थित मोरारजी देसाई राष्ट्रिय योग संस्थानमा योग बन्धन कार्यक्रम आयोजना गरियो। यसमा डेनमार्क, इन्डोनेसिया, मलेसिया, दक्षिण कोरिया, अर्जेन्टिना लगायत विभिन्न देशका प्रमुख प्रतिनिधिहरूले भाग लिएका थिए। यसै प्रसंङ्गमा राष्ट्रिय आयुष मिसन, स्वास्थ्य तथा परिवार कल्याण विभाग, सिक्किम सरकारको तत्वावधानमा, आज राजभवनमा 'योग समावेश' नामक कार्यक्रम आयोजना गरियो, जुन विशेषगरी दिव्याङ्गजनप्रति समर्पित थियो। यो कार्यक्रम एघारौँ अन्तर्राष्ट्रिय योग दिवसको उपलक्ष्यमा आयोजना गरिएको हो। यसको विषय "एक पृथ्वी, एक स्वास्थ्य" रहेको छ। कार्यक्रममा सिक्किमका राज्यपाल ओम प्रकाश माथुर प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो। उहाँले कार्यक्रमलाई सम्बोधन गर्दै भन्नुभयो

DNA – Ahmedabad Plane Crash

गुजरातमा हालै भएको विमान दुर्घटनापछि अहिलेसम्म १६२ जना मृतकहरूको डीएनए नमूना पहिचान गरिएको छ। गृह राज्यमन्त्री हर्ष संघवीले आज सामाजिक सञ्जालमा यो जानकारी दिनुभएको हो।

WORLD DAY TO COMBAT DESERTIFICATION

आज विश्वभर विश्व मरुभूमिकरण तथा खडेरी रोकथाम दिवस मनाइँदैछ। यस दिवसले जमिनको क्षय रोक्न सकिन्छ भनेर सम्झिन सबैलाई मदत गर्छ। यस अवसरमा जोधपुरमा आयोजित एक कार्यक्रममा  केन्द्रीय वातावरण, वन तथा जलवायु मन्त्री भूपेन्द्र यादवले मानिसले सबै कुरा विकास गर्न सक्छ, तर प्रकृतिको विकल्प सिर्जना गर्न सक्दैन भन्नुभयो।

Amarnath Yatra

आगामी अमरनाथ यात्राको सुरक्षा तयारीका लागि आज केन्द्रीय गृह सचिव गोविन्द मोहनले उच्चस्तरीय बैठक गर्नुभयो। यो बैठक श्रीनगरस्थित प्रहरी मुख्यालयमा भएको थियो। बैठकमा जम्मू कश्मीरका मुख्य सचिव र प्रहरी महानिदेशक बाहेक भारतीय सेनाका वरिष्ठ अधिकारीहरू, गुप्तचर विभागका प्रतिनिधिहरूले पनि भाग लिएका थिए। बैठकमा अमरनाथ यात्राको तयारी र सुरक्षा योजनालाई अन्तिम रूप दिइएको थियो। हिमालय पहाडहरूमा ३८८८ मिटरको उचाइमा अवस्थित तीर्थस्थलको वार्षिक यात्रा जुलाई ३ देखि सुरु हुनेछ र रक्षाबंधनको अवसरमा अगस्ट ९ मा समापन हुनेछ।

IMD

मौसम विभागले आज गुजरातको सौराष्ट्र र कच्छ क्षेत्रमा मुसलधारे वर्षाको पूर्वानुमान गरेको छ। आज बिहार, झारखण्ड, मध्य प्रदेश र राजस्थानमा मेघगर्जन र तेज हावाहुरीसहित वर्षा हुने सम्भावना पनि जनाएको छ।

Sports News

अब खेल प्रसंगः पुरुष र महिलाका लागि हक्की इन्डिया मास्टर्स कप भोलिदेखि चेन्नईमा सुरु हुँदैछ। तमिलनाडुको हक्की एकाइद्वारा आयोजित यो प्रतियोगिता शहरको मेयर राधाकृष्णन हक्की स्टेडियममा आयोजना हुनेछ। यो प्रतियोगिता ४० वर्षभन्दा माथिका पुरुष र ३५ वर्षभन्दा माथिका महिलाका लागि हो।

FIH हक्की प्रो लिगमा, भारतीय महिला टोलीले आज राति ८:०० बजे लन्डनको ली भ्याली हक्की एण्ड टेनिस सेन्टरमा अर्जेन्टिनाको सामना गर्ने तालिका छ। अष्ट्रेलियासँग कठिन खेलमा पराजित भएपछि, भारत अब अर्जेन्टिना विरुद्ध राम्रो प्रदर्शन गर्न र जित्न चाहन्छ। हाल अंक तालिकामा भारत ९ अंकसहित ७ औं स्थानमा छ भने अर्जेन्टिना दोस्रो स्थानमा छ।

आईसीसी महिला एकदिवसीय ब्याटिङ वरीयतामा, भारतकी स्मृति मन्धाना नोभेम्बर २०१९ पछि पहिलो पटक नम्बर १ स्थानमा फर्किएकी छिन्। २८ वर्षीया स्मृति मन्धाना ७२७ रेटिङ अंकका साथ शीर्ष स्थानमा उक्लिएकी हुन्।

प्रमुख समाचार पुन: एकपटक

१. प्रधानमन्त्री नरेन्द्र मोदीले क्यानडामा G-7 शिखर सम्मेलनमा भाग लिन ु हुने
२. G-7 देशका नेताहरूले पश्चिम एसियामा शान्ति र स्थायित्वप्रति प्रतिबद्धता दोहोऱ्याए

३. इजरायल र इरान बीच बढ्दो तनावलाई ध्यानमा राख्दै भारतीय दूतावासले तेहरानबाट विद्यार्थीहरूलाई बाहिर निकाल्ने क्रम जारी

४. रेलमन्त्री अश्विनी वैष्णवद्वारा हरियाणाको मानेसरमा देशको सबैभन्दा ठूलो गतिशक्ति मल्टी मोडेल कार्गो टर्मिनलको उद्घाटन

५. अनि पुरुष र महिलाका लागि हक्की इन्डिया मास्टर्स कप भोलिदेखि चेन्नईमा सुरु हुँदै

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।